# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७ संख्याः१२ मितिः २०८०।०९।२६

**भाग–२**

**मालिकार्जुन गाउँपालिका**


| | |
|---|---|
| **गाउँ कार्यपालिकाबाट स्वीकृत मिति** | २०८०।०९।२३ |

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० (प्रथम संशोधन २०८०)

**संशोधित प्रस्तावनाः**

स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको अभाव न्यूनीकरण गर्न, योग तथा खेल सह प्रशिक्षक, विद्यालय कर्मचारी, छात्रवृत्ति, विद्यालय प्रोत्साहन अनुदान लगायतका विद्यालयमा जाने सबै

प्रकारका अनुदानहरुलाई व्यवस्थित गरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि गाउँपालिकामा एक विद्यालय अनुदान कोष स्थापना गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९ को परिच्छेद (६), दफा (३०) उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।०९।२३ को बैठकले यो कार्यविधिको प्रथम संशोधन गरी जारी गरेको छ ।

१. कार्यविधिको दफा (१) को संक्षिप्त नाम र प्रारम्भमा " (प्रथम संशोधन २०८०)" थप गरिएको ।

२. कार्यविधिको दफा ३ को उपदफा (४) मा देहाबमोजिम थपिएको ।

तपसिलः

“खण्ड (छ) विद्यालयमा जाने विभिन्न अनुदानका साथै कार्यविधि कार्यान्वयनका लागि आवश्यक पर्ने कुल अनुदान रकमको पाँच प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च व्यवस्थापन समेत” थपिएको ।

आज्ञाले

नर बहादुर ठगुन्ना

प्रमुख प्रशासकीय अधिकृत